# भाग ४

श्री ५ को सरकार

## कृषि मन्त्रालयको सूचना

निजामती सेवा ऐन, २०४८ को दफा १६ बमोजिम श्री ५ को सरकारको मिति २०५४।१२।५ को निर्णयानुसार नेपाल कृषि सेवा, स्वायल साइन्स समूह, रा. प.तृ. (प्रा.) का श्री उमेशप्रसाद शर्मा धिमिरेको नियुक्ति मिति २०५३।४।१७ गते देखि लागू हुने गरी बदर गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
सूर्यनाथ उपाध्याय
श्री ५ को सरकारको सचिव

## महालेखा परीक्षकको विभागको सूचना

महालेखा परीक्षकले लेखापरीक्षण सेवाको राजपत्राङ्कित तृतीय श्रेणीका लेखापरीक्षण अधिकारी श्री दीपक मल्लले पैतृक जायजेथाको बाँडफाँड एवं सुरक्षा गर्नु परेको कारण देखाई २०५४।११।६ देखि लागू हुने गरी दिनु भएको राजीनामा श्री ५ को सरकारको स्वीकृति लिई मिति २०५५।१।१४ मा स्वीकृति गरेको छ ।

आज्ञाले,
कृष्णप्रसाद न्यौपाने
नायव महालेखा परीक्षक

## भूलसुधार

खण्ड ४८, अतिरिक्ताङ्क ४ नेपाल राजपत्र भाग ३ मा प्रकाशित अर्थ मन्त्रालयको सूचनामा "वैशाख १० गते २०५५ साल" हुनुपर्नेमा अन्यथा हुन गएकोले भूलसुधार गरिएको छ ।

मुद्रण विभाग



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।